# ६० औं कार्यपालिका निर्णयहरु (मिति २०८२।०९।२७)

प्रस्ताब नं.१ कबाडी कर संकलन सम्बन्धमा ।

निर्णय नं.१ टीकापुर नगरपालिका भित्र संकलन हुने कवाडीकर ठेक्का वन्दोवस्तका लागि आर्थिक ऐन संशोधनका लागि नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.२ घण्टाघर सञ्चालन तथा व्यवस्थापन ठेक्का सम्बन्धमा ।

निर्णय नं.२ टीकापुर नगरपालिकाको आय ठेक्का वन्दोवस्त तथा व्यवस्थित गर्न आर्थिक ऐन संशोधनका लागि नगर सभामा प्रस्ताव पेश गर्ने र साथै राजश्व परामर्श समितिवाट पेश भएको राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३ फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.३ फोहरमैला व्यवस्थापन सम्बन्धमा गठित अध्ययन कार्यदलको प्रतिवेदन अनुसार अन्तरपालिका अवलोकन भ्रमणका लागि आवश्यक वजेट विनियोजनका लागि नगरसभा प्रस्ताव पेश गर्ने र भ्रमण स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं.४ सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.४ सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा राजश्व परामर्श समितिवाट सिफारिस भै आएअनुसार शुल्क निर्धारणका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.५ मुक्त, कमैया कम्लरी तथा हलिया पुनःस्थापना कार्यविधि, २०८२ को मस्यौदा स्वीकृत सम्बन्धमा ।

निर्णय नं.५ मुक्त, कमैया कम्लरी तथा हलिया पुनःस्थापना कार्यविधि, २०८२ स्वीकृत गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

प्रस्ताव नं.६ टीकापुर नगरपालिकाको नदिजन्य पदार्थ उत्खनन, नियमन तथा जलचर आचारसंहिता, २०८२ को मस्यौदा स्वीकृत सम्बन्धमा ।

निर्णय नं.६ टीकापुर नगरपालिकाको नदिजन्य पदार्थ उत्खनन, नियमन तथा जलचर आचारसंहिता, २०८२ को मस्यौदा थप अध्ययनका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.७ पुरानो योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि स्रोत सुनिश्चिता सम्बन्धमा ।

निर्णय नं.७ आ.व.२०८१।०८२ मा ठेक्का भई २०८२ असार मसान्त सम्म सम्पन्न नभई दायीत्व सृजना भएका योजना तथा कार्यक्रमहरुको स्रोत सुनिश्चित तथा वजेटमा समावेश गरि भुक्तानी प्रकृया अगाडी बढाउन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८ बजेट तथा योजना संशोधन सम्बन्धमा ।

निर्णय नं.८ विभिन्न वडा, शाखा तथा केन्द्रमा आ.व. २०८२।०८३ को नगरसभावाट स्वीकृत कार्यक्रमहरु संशोधनका लागि पेश हुन आएका बजेट, कार्यक्रम तथा योजना कानून अनुसार संशोधनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.९ माग भई आएका नयाँ योजना तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं.९ गत आ.व.मा ठुलो रकम भुक्तानी गर्न पर्ने दायीत्व सृजना भएको र आवश्यक सेवा प्रवाहका लागि चाहिने वजेट व्यवस्थामा अत्याधिक चाँप परेकोले नयाँ सिफारिस भई आएका अत्यावश्यक तथा दायीत्व सृजना भएका वाहेक अन्य योजना/आयोजना चालु आ.व.मा समावेश गर्ने प्रस्ताव अस्वीकृत गरि नगर कार्यपालिकाको कार्यालयमा फिर्ता गर्ने निर्णय गरियो।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रचलित कानुन अनुसार प्रमाणित गरिएको।

२८।३।२०८२

प्रमुख प्रशासकीय अधिकृत

CamScanner